दार्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फारुलाचौर, सल्यान

कर्णाली प्रदेश नेपाल

Website:www.darmamun.gov.np

email : ito.darmamun@gmail.com


पत्र संख्या-२०८१/०८२

चलानी नं.:-

## सूचना। सूचना ।। सूचना ।।।

प्रथम पटक प्रकाशित मितिः- २०८१/१०/२८

यस कार्यालयको आ.व.२०८१/८२ को स्वीकृत कृषि औजार (मिनिटिलर ) ५० प्रतिशत अनुदानमा वितरण गर्ने कार्यक्रम अनुसार यस कार्यालयबाट ई-विडिङ भई मूल्याङ्कन पश्चात श्री बिडिएस (BDS)नेपालवीच सम्झौता भएको जानकारी अवगत गराउदै मिति २०८१/१०/ २४ गतेको भएको कार्यपालिकाको बैठकबाट कृषक समूह वा टोल विकास संस्थाले निर्णय/ सिफारिस गरेका कृषक वा कृषि फार्मलाई उपलब्ध गराउने निर्णय भएकोले ५० प्रतिशत अनुदानमा कृषि औजार (५.५ र ७.० हर्ष पावर क्षमताको मिनिटिलर ) लिन इच्छुक कृषक वा कृषि फार्मले देहायका कागजात संलग्न राखी १५ दिन (२०८१/११/१२) भित्र दार्मा गाउँपालिका कृषि विकास शाखामा आवेदन पेश गर्न अनुरोध गरिन्छ।

**संलग्न कागजात**

१) मिनिटिलर माग गरेको आवेदन :- १ थान

२) कृषक समूह वा टोल विकास संस्थाको निर्णय / सिफारिस :- १ थान

३) वडा कार्यालयको सिफारिस :- १ थान

४) कृषि फर्मको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपि :- थान १

५) सिफारिस गरेको कृषक समूहका सदस्य वा टोल विकास संस्थाका सदस्यहरुको खेतबारी मिनिटिलरले जोत्दा पालिकाले निर्धारण गरेको दरमा जोत्न तयार हुनेछु भन्ने व्यहोराको प्रतिवद्धता पत्रः १ थान

**नोट :** आवेदन छनौट पश्चात ५.५ हर्ष पावरको मिनिटिलरको लागि १९०००। र ७.० हर्ष पावरको मिनिटिलरको लागि २३५००/ प्रति गोटाका दरले भौचर जम्मा गर्नुपर्ने छ।

.............................

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत